# चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम कार्यविधि, २०७६

<u>प्रस्तावना</u>: पशुपालन व्यवसायलाई व्यवस्थित, व्यवसाहिक र आधुनिकिरण बनाउँदै दूध उत्पादन उत्पादकत्व बृद्धि गरी कृषकको जिवनस्तर सुधार गर्न आवश्यक देखिन्छ। दूध चिस्यान केन्द्रका लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम सञ्चालन गर्न बजेटको व्यवस्था भएकोले प्रदेश नम्बर तीनमा स्वच्छ, स्वस्थ एवं गुणस्तरीय दूध उपभोक्ता समक्ष उपलब्ध गराउनका लागि साझेदारीमा चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नम्बर ३, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले " **चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम** " बनाई लागू गरेको छ।

## परिच्छेद -१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस कार्यविधि नाम "**चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम कार्यविधि, २०७६**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) **"आवेदक"** भन्नाले नेपाल डेरी एशोसियशन/ दुग्ध उत्पादक सहकारी संघको सिफारिसमा चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रममा सहभागी हुने निजी/ सहकारी संस्था सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको नेपाल डेरी एशोसियशन/ दुग्ध उत्पादक सहकारी संघको सहकार्यमा चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम सम्बन्धी स्वीकृत बार्षिक कार्यक्रम र वजेट सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(च) **"साझेदार संस्था"** भन्नाले छनौट भई निर्देशनालयसंग द्विपक्षिय सम्झौता गर्ने निजी/ सहकारी संस्था सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u>: यो कार्यविधिको उद्देश्यहरु निम्न रहेका छन्:-

क) दूधको गुणस्तर कायम राख्ने,

ख) दूधजन्य पदार्थको आयत कम तथा निर्यात प्रवर्द्धन गर्न सहयोग गर्ने,

ग) दूधमा आत्मनिर्भर हुने,

घ) दूधलाई लामो समयसम्म संरक्षण गर्ने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छ:-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको वरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास माहाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

**नोटः** समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. **अनुगमन तथा मूल्याङ्कनः** यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्कता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालनः** (१) यो कार्यक्रम यस प्रदेशको सबै जिल्लामा सञ्चालन गरिनेछ ।

(२) अनुदान रकम उपलब्ध हुने विवरण निम्नानुसार रहेको छ।

| क्र.स. | उपकरण | इकाई | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | जेनेरेटर सहितको चिलिङ भ्याट | १३ | ५०% (बढीमा ५ लाख प्रति इकाई) | चिलिङ भ्याट र जेनेरेटरको स्पेसिफिकेशन निर्देशनालयले तय गर्नेछ। |

७. **प्रस्ताव आह्वनः** यस कार्यक्रममा आवेदकहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद राखी अनुसूची -१ बमोजिम निर्देशनालयले सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. **प्रस्ताव दर्ताः** साझेदारी गर्न आवेदकहरुले दफा ७ बमोजिमको समय अवधी भित्र अनुसूची -२ बमोजिमको आवेदन पत्र, अनुसूची -३ बमोजिमको व्यवसायिक कार्ययोजना, अनुसूची -४ बमोजिमको प्रतिवद्धता-पत्र, निर्देशनालय वा कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. **आवेदकको छनौटः** छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कनका आधारहरू निर्माण गरी आवेदक संस्थाको छनौट गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ।

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. <u>आवेदकलाई जानकारीः</u> छनौट भएको आवेदकलाई निर्देशनालयले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनेछ ।

११. <u>सम्झौताः</u> (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको १५ दिन भित्र अनुसूची -५ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१२. चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम सञ्चालन गर्न साझेदार संस्थाद्वारा पेश भएको कार्ययोजना र आवश्यक न्यूनतम क्रियाकलापहरु समेटिने गरि सम्झौतामा उल्लेख गरिनेछ। सोही बमोजिम साझेदार संस्थाले कार्यक्रम गर्नु पर्नेछ।

१३. साझेदार संस्थाले सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसार विल/विजक, दाखिला रिपोर्ट, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात निर्देशनालयले स्थलगत निरीक्षण गरी सम्पन्न भएको कामको १ प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी बैंक खाता मार्फत भुक्तानी दिनेछ ।

१४. कार्यक्रमको लेखा, लेखा परिक्षण तथा आर्थिक कारोवार विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिने छ ।

१५. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## <u>विविध</u>

१६. <u>प्रगति प्रतिवेदनः</u> साझेदार संस्थाले चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन निर्देशनालयमा पठाउनु पर्नेछ।

१७. <u>कार्यक्रमको प्रभावकारीता:</u> कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

१९. <u>वचाउ:</u> यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलित कानून बमोजीम हुनेछ ।

अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

<u>प्रस्ताव आह्वानको सूचना</u>

आर्थिक वर्ष ... ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम रहेकोले सहभागी हुन इच्छुक आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित मितिले ३० दिनभित्र तपसिल अनुसारका कागजातहरु संलग्न गरी निर्देशनालय वा कार्यालयलमा तोकिएको ढाँचा (कार्यविधिको अनुसूची - २) मा आवेदन-पत्र पेश गर्नु हुन सूचित गरिन्छ। साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन ।

**रुपैयाँ दशको हुलाक टिकट टाँस गरेको आवेदन-पत्र साथ संलग्न गर्नु पर्ने कागजात:**

१. कार्यालयको सिफारिस
२. कार्यक्रममा सहभागी हुने नेपाल डेरी एसोसिएसन/ केन्द्रीय दुग्ध उत्पादक सहकारी संघको सिफारिस पत्र
३. निजी/ सहकारी संस्था दर्ता प्रमाण-पत्र
४. व्यवसायिक कार्ययोजना
५. स्थायी लेखा नम्बर (PAN) दर्ता र नविकरण प्रमाण-पत्र प्रतिलिपि
६. लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि
७. कार्य समिति निर्णय प्रतिलिपि

<u>नोट:</u> कार्यक्रम सम्बन्धी विस्तृत विवरण निर्देशनालय वा सम्बन्धित कार्यालयको सूचना पाटी र वेवसाईट dolfd.p3.gov.np मा हेर्न सकिने छ ।

अनुसूची -२
(दफा ८ सँग सम्बन्धित)
आवेदन-पत्र

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।
मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति ... ... ... ... गतेको ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान गरिए बमोजिम उक्त कार्यक्रममा सहभागी हुन निम्नानुसार कागजात राखी यो प्रस्ताव पेश गरिएको छ। अनुदान र स्वलगानी रकमले शर्त अनुसारका कार्यहरु सम्बन्धित जिल्लाभित्रै रही गरिने ब्यहोरा अनुरोध छ ।

तपशिलः

१. कार्यालयको सिफारिस
२. कार्यक्रममा सहभागी हुने नेपाल डेरी एसोसिएसन/ केन्द्रीय दुग्ध उत्पादक सहकारी संघको सिफारिस पत्र
३. निजी/ सहकारी संस्था दर्ता प्रमाण-पत्र
४. व्यवसायिक कार्ययोजना
५. स्थायी लेखा नम्बर (PAN) दर्ता र नविकरण प्रमाण-पत्र प्रतिलिपि
६. लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि
७. कार्य समिति निर्णय प्रतिलिपि

जिम्मेवार पदाधिकारीः
नामः
पदः
दस्तखतः
मितिः
संस्थाको छापः

अनुसूचि -३
(दफा ८ संग सम्बन्धित)
<u>व्यवसायिक कार्ययोजना</u>

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम: | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना: | |
| ३ | आवदेकको नाम: | |
| ४ | ठेगाना: | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं./ मोवाइल नं : | |
| ६ | आवेदक सहकारी संस्थाको दर्ता नम्बर: | |
| ७ | दर्ता भएको निकाय र दर्ता मिति: | |
| ८ | आवेदक सहकारी संस्था (दर्ता वा स्थापना पश्चातको अवधी वर्षमा): | |
| ९ | स्थायी लेखा नम्बर (PAN) दर्ता: | |
| १० | हालको दूध उत्पादन (लि.) विवरण (मासिक र वार्षिक) ........................................ | |
| १२ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| १३ | आवेदकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १४ | निर्देशनालयसंग माग गरेको रकम रु. | |
| १५ | प्रस्तावित कार्यक्रमको उद्देश्य: | |

उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

**जिम्मेवार पदाधिकारीको:**
नाम:
पद:
हस्ताक्षर:
मिति:
साझेदार संस्थाको छाप:

...कार
...था सहकारी संस्था
... नं. ३
...टौंडा, मकवानपुर, नेपाल

अनुसूची -४

(दफा ८ सँग सम्बन्धित)

लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र

मितिः

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा मकवानपुर ।
मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः लागत साझेदारी गर्ने प्रतिवद्धता सम्बन्धमा ।

महोदय,

तहाँ निर्देशनालयको मिति ........ गते ........ राष्ट्रिय पत्रिकामा चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार दुग्ध सहकारी/ निजी संस्थाले कार्यक्रम कार्यान्वयनका लागि कुल रु. ... ... ... ... लागत प्रस्ताव गरेको छ । तहाँबाट एक प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी प्राप्त हुने अनुदान रकम रु. ... ... ... (अक्षरुपी रुपैयाँ ... ... ... ... ... ... ... ... ... ... ...) मा नपुग रकम हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछु/ गर्दछौं।

जिम्मेवार पदाधिकारी

हस्ताक्षरः
मितिः
नामथरः
पदः
संस्थाको छापः

अनुसूची -५

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

## द्विपक्षिय सम्झौता पत्र

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल डेरी एसोसिएसन/ दुग्ध उत्पादक सहकारी संघको सहकार्यमा चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी मिति ... ... ... गतेको ... ... ... राष्ट्रिय/स्थानीय पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ... ... ... ... को प्रस्ताव छनौट भएको हुँदा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरी द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं।

**शर्तनामाहरु:**

१. प्रथम पक्षले चिलिङ सेन्टरको लागि भ्याट र जेनेरेटर सहयोग कार्यक्रमको लागि कुल लागत रु. ... ... मध्ये अनुदान वापत रु. ... ... ... ... ... बाट १ प्रतिशत कन्टिन्जेन्सी रकम रु. कट्टा गरी दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) अनुदान सहयोग प्रदान गर्नेछ ।

२. दोश्रो पक्षबाट अनुदान रकमको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले असुल उपरको लागि प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नेछ ।

३. तोकिएको स्पेसिफिकेशन र प्राविधिक विषय वस्तुलाई दोश्रो पक्षले अनिर्वाय रुपमा पालना गर्नु पर्नेछ ।

४. प्रथम पक्षले नियमित रुपमा दोश्रो पक्षको अनुगमन/ निरिक्षण गर्नेछ ।

५. दोश्रो पक्षले प्रथम पक्षलाई मासिक रुपमा प्रगति विवरण बुझाउनु पर्नेछ ।

६. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने भवितव्यको जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।

७. यस सम्झौतामा उल्लेख हुन छुटेका व्यहोरा आपसी सहमति र प्रचलित ऐन/नियम बमोजिम हुनेछ ।

| प्रथम पक्षको तर्फबाट: | दोश्रो पक्षको तर्फबाट: |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| कार्यालय: | संस्थाको नाम: |
| कार्यालयको छाप: | संस्थाको छाप: |

<u>रोहवरः</u>

| | |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयः | संस्थाको नामः |
| कार्यालयको छाप | संस्थाको छापः |

इति सम्वत् ... ... ... ... ... साल ... ... ... महिना ... ... गते रोज ... ... शुभम् ।